# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७९/२०८२/०८३

## मितिः २०८२।०६।२८ गते बसेको बैठक

**प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको ७९ औं बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो।**

**बैठक बसेको समयः बिहान :११.० बजे।**

**तपसिल**

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| अघिल्लो गाउँ कार्यपालिकाको बैठक समिक्षा सम्बन्धमा। | १ |
| प्रशासकीय भवन निर्माण योजनाको ठेक्का स्वीकृत गर्ने सम्बन्धमा। | २ |
| असाधारण विदा स्वीकृत गर्ने सम्बन्धमा। | ३ |
| व्यक्तिगत घटना दर्ताको पूर्णता मापण तथा घोषणाका लागि समिति गठन सम्बन्धमा। | ४ |
| सडक मर्मत सम्भार गर्ने सम्बन्धमा। | ५ |
| विविध। | ६ |

**गाउँपालिका**
**अध्यक्ष**

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८२।०६।२७ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष　　१ नं. वडा अध्यक्ष　　२ नं. वडा अध्यक्ष　　३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष　　५ नं. वडाध्यक्ष　　६ नं. वडा अध्यक्ष　　७ नं. वडा अध्यक्ष

**गाउँ कार्यपालिकाका सदस्यहरुः**

पदम कुमारी कार्की　　साउनी माझी　　सुशिला श्रेष्ठ　　प्रमिला परियार

झपटुलाल राजबंशी　　सुफल मुर्मु सतार　　प्रदिप राई　　रखिलाल चौधरी

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७९/२०८२/०८३
# मितिः २०८२।०६।२८ गते बसेको बैठक

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८२।०६।२८

बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, भौंसाबारी, मोरङ।

बैठक बसेको समयः बिहान ११:०० बजे।

उपस्थिति

| सि.नं. | पदाधिकारीहरुको नाम थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्गनाम | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री सुशील बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्गबहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री हिराकुमारी यादव, प्रमुख प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |
| १७. | श्री प्रदिप राई | का.वा.वडाध्यक्ष, ४ नं.वडा | |
| १८. | श्री रखीलाल चौधरी | का.वा.वडाध्यक्ष, ५ नं.वडा | |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७९/२०८२/०८३
# मितिः २०८२।०६।२८ गते बसेको बैठक

## निर्णय नं.(१)

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिका बैठकको गणपूरक संख्या पूरा भएको हुँदा बैठक संचालन प्रक्रिया अघि बढाई अघिल्लो बैठकको निर्णयहरुको समिक्षा तथा बिश्लेषण गरियो।

## निर्णय नं.(२)

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको बोलपत्र मूल्याङ्कन सम्पन्न भई आशयपत्र प्रकाशन गरिएकोमा न्यूनतम कबोलकर्ताको ५ वटा भन्दा बढी ठेक्का सञ्चालनमा रहेको भनी निवेदन दर्ता भएको थियो। निवेदन अनुसार नीजको ठेक्का संञ्चालन भईरहेका कार्यालयहरुमा पत्राचार गरी जानकारी माग गरिएकोमा प्राप्त जानकारी पत्रानुसार नीजको हालसम्म ४ वटा निर्माणकार्य संञ्चालनमा रहेको बुझिएकोले न्यनतम कबोलकर्ता श्री Earth Shreeman JV. को बोलपत्र स्वीकृत गरी २ वर्ष निर्माण कार्यको समयावधि हुनेगरी ठेक्का सम्झौता प्रकृया अगाडि बढाउने निर्णय गरियो।

## निर्णय नं.(३)

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको स्वास्थ्य शाखा अन्तर्गत जनस्वास्थ्य निरीक्षक पदमा कार्यरत लोकमणी तामाङ, क.स.नं.२१८२९१ ले पेश गरेको असाधारण विदाको निवेदन "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) निजामती कर्मचारी ऐन,२०८० को परिच्छेद-१३,विदा र हाजिरी सम्बन्धी नियमको दफा १२१ अनुसार असाधारण विदा स्वीकृत गर्ने तथा नीजलाई मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको उपर्युक्त पूल दरबन्दीमा राखी जनस्वास्थ्य निरीक्षक, लोकमणि तामाङको स्थानमा सोही पदमा अर्को कर्मचारी सरुवा गरी पठाई दिन लेखी पठाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(४)

प्रस्ताव नं.(४) का सम्बन्धमा छलफल गर्दा व्यक्तिगत घटना दर्ताको पूर्णता मापन सम्बन्धी कार्यविधि,२०८१ को दफा ५ को उपदफा १ मा उल्लेख बमोजिम व्यक्तिगत घटना दर्ताको पूर्णता मापण तथा घोषणाका गर्ने प्रयोजनका लागि तपसिल बमोजिमका अनुमगन, मुल्याङकन तथा सिफारिस समिति गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**तपसिल**

१. श्री राजमती ईङ्गनाम, गाउँपालिका अध्यक्ष — संयोजक
२. श्री खड्गबहादुर बस्नेत, शिक्षा अधिकृत — सदस्य
३. श्री उदयकान्त सेठ, स्वास्थ्य शाखा प्रमुख — सदस्य
४. श्री जिल्ला तथ्याङ्क समन्वय कार्यालय तोकिएको प्रतिनिधि — सदस्य
५. श्री चुडामणी कोईराला, पञ्जीकरण शाखा प्रमुख -सदस्य सचिव

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७९/२०८२/०८३
# मितिः २०८२।०६।२८ गते बसेको बैठक

## निर्णय नं.(५)

प्रस्ताव नं.(५) का सम्बन्धमा छलफल गर्दा प्रत्येक वडाका मुख्य सडकहरुमा सवारी चापका आधारमा जीर्ण तथा भत्केका खाल्डा खुल्डी भएका सडकहरुको अत्यावश्यक स्थानमा मर्मत सम्भार गर्नु पर्ने भएकाले प्रति वडा रु.१,००,०००।-(अक्षेरुपी एक लाख) नबढने गरी वडागत रुपमा अमानत खरिद प्रक्रियाबाट मर्मतसम्भार गरी मर्मत सम्भार कोषबाट खर्च लेख्ने गरी कार्य प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।